कार्यपालिका बैठक संख्या नं. ६५ स्थानः गाउँपालिका भवन मितिः २०८३/०३/२३

समयः विहान ११:०० बजे

प्रस्तावहरुः

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।

२. कानून निर्माण तथा स्वीकृति सम्बन्धमा।

३. गाउँ सभाको आगामी बैठक तथा कार्यसूची सम्बन्धमा।

४. बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन सम्बन्धमा।

५. झोलुंगे पुलको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत सम्बन्धमा।

६. गुराँस शिक्षा योजना स्वीकृत सम्बन्धमा।

७. बाल विकास केन्द्र र सामुदायिक स्वास्थ्य इकाई, सानाकाँडाको लागि जग्गा प्राप्ती सम्बन्धमा।

८. पोषण मिल स्थापना सम्बन्धमा।

९. स्वास्थ्य संस्था सूचीकृत सम्बन्धमा।

१०. गाउँपालिका अनुदानका शिक्षक तथा गाउँपालिकाले साझेदारी गर्नु पर्ने विद्यालय कर्मचारीको तलब भत्ता भुक्तानी सम्बन्धमा।

११. निर्माण आयोजनाको म्याद थप सम्बन्धमा।

१२. निर्माण सम्पन्न कार्यको भुक्तानी सम्बन्धमा।

१३. भञ्ज्याङ्ग खानेपानी तथा सरसफाई आयोजनाको सामान खरिदका लागि आव्हान गरिएको शिलबन्दी दरभाउपत्र रद्द गर्ने सम्बन्धमा।

१४. विद्युत सफ्टवेयर सञ्चालन सम्बन्धमा।

१५. गाउँपालिका र वडाको संख्या तथा सीमाना हेरफेर, वर्गीकरण र पुनरावलोकन सम्बन्धी प्राप्त परिपत्रका सम्बन्धमा।

१६. १५ शैया अस्पतालको भुक्तानी तथा अस्पताल सञ्चालनका लागि सामग्री माग गर्ने सम्बन्धमा।

१७. धरमपोखरा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा रहेको एम्बुलेन्स ड्राइभरको तलब भत्ता सम्बन्धमा।

१८. मालिका मा. वि. भएर जिम्रा जाने बाटो कटिङ्गको भुक्तानी सम्बन्धमा।

१९. कर्णाली प्रदेश सरकार अन्तर्गतका सामाजिक विकास कार्यालय, डिभिजन वन कार्यालय, पूर्वाधार विकास कार्यालय, कृषि विकास कार्यालय र पशु अस्पताल तथा पशु सेवा कार्यालयको आ. व. २०८३/८४ मा सञ्चालन हुने योजना तथा कार्यक्रमका सम्बन्धमा।

२०. अति विपन्न तथा अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा।

२१. सार्वजनिक सुनुवाई, लैससास परीक्षण तथा लैंगिक बजेट सांकेतिकरण सम्बन्धमा।

२२. स्वास्थ्य संस्थाहरुको सार्वजनिक परीक्षण प्रतिवेदन स्वीकृत सम्बन्धमा।

२३. सडक सम्भार कार्यदल गठन सम्बन्धमा।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बिष्ट
अध्यक्ष

कार्यपालिका बैठक मिति २०८३ आषाढ २३ गते

२४.अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रका सम्बन्धमा ।

२५.अनुगमन प्रतिवेदन सम्बन्धमा ।

२६.आर्थिक सहायता सम्बन्धमा ।

२७.स्वास्थ्य सेवाका कर्मचारीको तलब भत्ता भुक्तानी सम्बन्धमा ।

२८.खाद्य सुरक्षा सम्बन्धमा ।

२९.बाँझो जमिन प्रयोग गर्न प्रोत्साहन गर्ने सम्बन्धमा ।

३०.विविध ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. १**

गुराँस गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुपा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको ६४ औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित विधेयकलाई स्वीकृतिका लागि गाउँ सभाको १८ औं अधिवेशनको आगामी बैठकमा पेश गर्ने र अन्य कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

१. प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०८३
२. गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०८३
३. गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०८३
४. कानून, निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण सम्बन्धी (कार्यविधि) नियमावली, २०८३
५. सार्वजनिक खरिद नियमावली, २०८३
६. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८३

तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

१. न्यायिक समितिको न्याय सम्पादन निर्देशिका, २०८३
२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३
३. गुराँस गाउँपालिका रोजगार नीति, २०८३
४. उत्कृष्ट पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८३
५. ग्रामीण सडक सम्भार कार्यकर्ता परिचालन कार्यविधि, २०८३
६. मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८३

**निर्णय नं. ३**

गाउँ सभाको १८औं अधिवेशनमा पेश भएको आर्थिक वर्ष २०८३/८४ को बजेट उपर छलफल र स्वीकृतिका लागि मिति २०८३ आषाढ ३१ गते सोमवार बिहान ११ बजे गाउँपालिका सभा हलमा गाउँ सभाको बैठक आव्हान गर्ने तथा बैठकमा पेश हुने अनुसूची १ बमोजिमको कार्यसूची अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री शिवा कुमारी खड्काले पेश गर्नु भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन स्वीकृतिका लागि गाउँ सभाको १८ औं अधिवेशनमा पेश गर्न अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपाल सरकार संघीय सशर्त अनुदान तर्फको **लालीखोला उगाडा विद्यालय जोड्ने झोलुंगे पुल गुराँस ७** निर्माणको लागि **ग्रामिण विकास सेवा केन्द्र, दैलेखले** पेश गरेको विस्तृत परियोजना प्रतिवेदन स्वीकार गर्नुका साथै सो प्रतिवेदन तयारी गर्दा लाग्ने शुल्क सो संस्थालाई मागका आधारमा भुक्तानी दिने र बाँकी रकम सो झोलुंगे पुल निर्माणका लाग गठित उपभोक्ता समितिलाई पेश्की स्वरुप निकासा दिने निर्णय गरियो । यसरी भुक्तानी र निकासा दिनु अगावै कार्यालयको कन्टीन्जेन्सी र उपभोक्ता समितिको कार्यसञ्चालन खर्च समेत सो बजेटबाट निकासा दिने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

कार्यपालिका बैठक मिति २०८३ आषाढ २३ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बिष्ट
अध्यक्ष

**निर्णय नं. ६**
यस गाउँपालिकाको शिक्षा शाखाले प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गरेको गुराँस शिक्षा योजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**
यस गाउँपालिका मातहतका तपसीलका निकायहरुलाई आवश्यक जग्गा उपलब्ध गराउन इच्छुक रहेको भनी निवेदन पर्न आएकोले तत् तत् निकायहरुको नाममा ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाइदिन हुन भनी भूमि प्रशासन कार्यालय, दैलेखलाई अनुरोध गर्ने र जग्गादाताद्वयलाई गाउँपालिकाको तर्फबाट हार्दिक आभार सहित धन्यवाद दिने निर्णय गरियो।

(क) गुराँस गाउँपालिका वडा नं ५ मा रहेको श्री सृजनशिल बालविकास केन्द्रको प्रयोजनार्थ यसै गाउँपालिका वार्ड न. ५ निवासी श्री प्रेम बहादुर वि क को नाममा दर्ता कायम भएको कि. नं. २०७ क्षेत्रफल ०.२१३० मध्यबाट उत्तर तर्फको १०१७.४४ वर्ग मिटर (२ रोपनी) जग्गा यस गाउँपालिकालाई उपलब्ध गराउन इच्छुक रहेको भनी निवेदन पर्न आएकोले श्री सृजनशिल बालविकास केन्द्रको नाममा ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाउने।

(ख) गुराँस गाउँपालिका वडा नं ५ मा रहेको श्री सानाकाँडा स्वास्थ्य इकाईको प्रयोजनार्थ यसै गाउँपालिका वार्ड न. ५ निवासी श्री प्रेम बहादुर शाही र शोभा शाहीको नाममा दर्ता कायम भएको कि. नं. २६६ क्षेत्रफल २४९०० मध्यबाट पूर्व तर्फको १५२६.१६ वर्ग मिटर (३ रोपनी) जग्गा यस गाउँपालिकालाई उपलब्ध गराउन इच्छुक रहेको भनी निवेदन पर्न आएकोले श्री सानाकाँडा स्वास्थ्य इकाईको नाममा ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाउने।

**निर्णय नं. ८**
यस गाउँपालिका र एभरेष्ट क्लब दैलेखको संयुक्त लगानीमा सञ्चालन गर्न लागिएको पोषण मिल वडा नं ४ को घोडाबासमा स्थापना गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**
यस गाउँपालिका अन्तर्गतका तपसीलका स्वास्थ्य संस्थाले सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ को अनुसूची ६ बमोजिमको निवेदन पेश हुन आएकोले तत् तत् स्वास्थ्य संस्थाहरुलाई अनुसूची ८ बमोजिम सुरक्षित गर्भपतन सेवा प्रदान गर्नका लागि सूचीकृत गर्ने निर्णय गरियो।

तपसीलः

क) खड्कवाडा स्वास्थ्य चौकी गुराँस गाउँपालिका वार्ड नं ३

ख) शेरिवाडा स्वास्थ्य चौकी गुराँस गाउँपालिका वार्ड नं ४

**निर्णय नं. १०**
यस गाउँपालिका मातहत रहेका विद्यालयहरुमा कार्यरत पालिका अनुदान शिक्षकको यस आर्थिक वर्षको बाँकी पारिश्रमिक बजेटको उपलब्धता र कानूनी रीत पुर्‍याई भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने र विद्यालय कर्मचारीको हकमा शिक्षा समितिमा भएको निर्णयानुसार समायोजन गरी बाँकी हुन आउने तलब भत्ता आगामी आर्थिक वर्षमा भुक्तानी गर्ने गरी कच्चावारीको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ११**
आर्थिक वर्ष २०८२/८३ का बोलपत्र आव्हान भई कार्यादेश प्राप्त तपसीलका फर्म तथा कम्पनीहरुको निवेदन, प्राविधिक शाखाको प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन तथा नेपाल सरकारको विद्यमान नीतिका आधारमा म्यादथप गर्ने निर्णय गरियो।

| सि नं | ठेक्का नं | आयोजनाको नाम | फर्म/कम्पनीको नाम | म्याद थप अवधि |
|---|---|---|---|---|

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक मिति २०८३ आषाढ २३ गते

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १ | GRM/WORKS/NCB/11/082/83 | एक घर एक धारा हाम्रो अभिभारा, गुराँस-१ | A&B Construction | २०८३/०६/३० |
| २ | GRM/WORKS/NCB/06/082/83 | एक घर एक धारा हाम्रो अभिभारा, गुराँस-३ | K.K.T. Construction | २०८३/०६/३० |
| ३ | GRM/WORKS/NCB/02/082/83 | एक घर एक धारा अन्तर्गत खानेपानी योजना | New Kakre Nirman Sewa | २०८३/०६/३० |
| ४ | GRM/WORKS/NCB/10/082/83 | गुराँस अस्पताल तला थप | रुचाल निर्माण सेवा | २०८३/०६/३० |
| ५ | GRM/WORKS/NCB/02/080/81 | Construction of Nepal Rastriya Ma. Vi. School Building, Gurans-06, Bagaura, Dailekh | जगन्नाथ निर्माण सेवा, वीरेन्द्रनगर-८, सुर्खेत। | २०८३/०७/३० |

**निर्णय नं. १२**

यस गाउँपालिकामा विभिन्न आर्थिक वर्षमा कार्य सम्पन्न गरी भुक्तानी दिन बाँकी तपसीलका फर्म/कम्पनीलाई कार्यसम्पादन प्रतिवेदन, मूल्यांकन प्रतिवेदन, अनुगमन प्रतिवेदनको आधारमा भुक्तानी दिने तथा अन्तिम लेखा परीक्षणका बखत जनिएको बेरुजु सम्बन्धित फर्म/कम्पनीहरुको नामबाट असुल उपर गर्ने निर्णय गरियो ।

| सि नं | फर्मको नाम | सम्पन्न भएको काम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | के.बि.गुरुङ्ग कन्स्ट्रक्सन प्रा. लि. | गुराँस कृषि क्याम्पस भवन निर्माण कार्य, गुराँस-५, दैलेख | १५,१६,२६४।३३ | |
| २. | मठैराज इन्जिनयरिङ्ग एण्ड कन्सट्रक्सन सेवा प्रा. लि. | Construction of Hospital Quarter Building and Lab, Gurans -5, Dailekh | २,५३,०००।०० | |

**निर्णय नं. १३**

यस गाउँपालिका वार्ड नं १ मा रहेको भञ्ज्याङ्ग खानेपानी तथा सरसफाई आयोजनाको सामान खरिदका लागि आव्हान गरिएको शिलबन्दी दरभाउपत्रका लागि तोकिएको समयमा कुनै पनि फर्म/कम्पनीले आवेदन पेश नगरेको र पुनः सूचना आव्हान गर्न समय नभएकोले सो शिलबन्दी दरभाउपत्रको सूचना रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस गाउँपालिका र सामुदायिक ग्रामीण विद्युतीकरण विभाग बीच भएको सम्झौता अनुसार यस गाउँपालिकाका विद्युत ग्राहकको अभिलेख तयार गर्न तथा बिल प्रणालीलाई सरलीकरण गर्न सामुदायिक विद्युतीकरणले सिफारिश गरेको DIYALO Techonologies Pvt. Ltd. लाई प्रणाली Installation र तालिमका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा), सिंहदरबार, काठमाण्डौको चलानी नं. ५०५ मिति २०८३/०३/०५ को परिपत्र अनुसार प्राप्त मापदण्ड बमोजिम यस

सोम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकामा रहेका वडा संख्यामा कुनै हेरफेर गर्नु पर्ने अवस्था नरहेको र राउटे जातिको बसोबास तथा संरक्षण गर्ने एक मात्र स्थान यो गाउँपालिका रहेकोले गाउँपालिकाका हरेक औपचारिक कार्यक्रममा कानूनतः उपस्थित जनाउन गैर भूगोल राउटे विशेष वडा थप गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस गाउँपालिकामा निर्माणाधीन १५ शैया आधारभूत अस्पतालको काम सम्पन्न भएकोले निर्माण कम्पनी **श्री प्रतिष्ठा मंगलदीप नेपाल सोलुसन जेभि** प्रचलित कानून बमोजिम अन्तिम किस्ता भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने र अस्पताल सञ्चालनका लागि आवश्यक सामग्रीका लागि पुनः नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई अनुरोध गर्ने निर्णण गरियो ।

**निर्णय नं. १७**

यस गाउँपालिकाका मातहत रहेको धरमपोखरा आधारभूत स्वास्थ्य केन्द्रद्वारा सञ्चालित एम्बुलेन्समा कार्यरत चालकलाई २०८२ चैत्र देखि तलब भत्ता भुक्तानी गर्न नसकिएको भनी ८ नं. वडा कार्यालय र स्वास्थ्य केन्द्रबाट अनुरोध भइ आएकोले पालिका कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस गाउँपालिका वार्ड नं. ८ मालिका माध्यमिक विद्यालय भएर जिम्रा जाने बाटो निर्माणको भुक्तानी हामी बनाउँछौ हाम्रो सडक शीर्षकबाट दिने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १९**

कर्णाली प्रदेश सरकार अन्तर्गतका यस दैलेख जिल्ला कार्य क्षेत्र रहेका सामाजिक विकास कार्यालय, डिभिजन वन कार्यालय, पूर्वाधार विकास कार्यालय, कृषि विकास कार्यालय, पशु अस्पताल तथा पशु सेवा कार्यालय, खानेपानी, सिंचाई तथा उर्जा विकास कार्याल र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, दैलेखको आ. व. २०८३/८४ मा यस गाउँपालिका क्षेत्रमा सञ्चालन हुने योजना तथा कार्यक्रमको विवरण माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस गाउँपालिका भित्रका नागरिकहरुले आफुलाई परेको समस्यालाई सम्बोधन गरी गाउँपालिका अध्यक्ष समक्ष पेश हुन आएको निवेदन र सोलाई प्रमाणित गर्ने कागजातका आधारमा विनियोजित आर्थिक सहायता शीर्षकबाट तपसील अनुसारको रकम आर्थिक सहायता गर्ने निर्णय गरियो ।

तपसीलः

| क्र.स | नामथर | ठेगाना | समस्या | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुष्मा गुरुङ्ग | गुराँस ४ | दीर्घ रोगी | १२,०००/ | |
| २ | निरमया गुरुङ्ग | गुराँस ४ | छोरा धन ब गुरुङ्ग जन्मजात अपाङ्गता भएको | १२,०००/ | |
| ३ | पवित्रा कुमारी वि क | गुराँस ४ | दम थाइराइड र फोक्सोमा दाग | १२,०००/ | |
| ४ | जग बहादुर शाही | गुराँस ४ | दीर्घ रोगी पक्षघात | १२,०००/ | |
| ५ | गंगादेवी विश्वकर्मा | गुराँस ४ | पक्षघात | १२,०००/ | |

कार्यपालिका बैठक मिति २०८३ आषाढ २३ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर वि.सी.
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सेतु कामी | गुराँस ४ | मृगौला पीडित | १२,०००/ | |

**निर्णय नं. २१**

यस गाउँपालिकाको सार्वजनिक सुनुवाई, लैंगिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षण तथा लैंगिक बजेट सांकेतीकरण कार्यक्रम तपसील अनुसार गर्ने निर्णय गरियो ।

| सि नं | कार्यक्रम | सञ्चालन मिति | कैफियत |
|---|---|---|---|
| १ | लैससास (GEDSI) परीक्षण तथा लैंगिक बजेट सांकेतिकरण | २०८३ असार २६ देखि २८ सम्म | |
| २ | सार्वजनिक सुनुवाई | २०८३ असार ३० | |

**निर्णय नं. २२**

यस गाउँपालिका मातहतका स्वास्थ्य केन्द्रहरुको आर्थिक वर्ष २०८१।८२ को सामाजिक परीक्षण प्रतिवेदन बैठकबाट प्राप्त सुझाव सहित अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

यस गाउँपालिकामा रहेका कृषि सडक, पहुँच सडक र ग्रामीण सडकमा वर्षाको समयमा हुन सक्ने अवरोध खोली सडकलाई नियमित सुचारु गर्न मिति २०८३ श्रावण र भाद्र महिनाका लागि प्रत्येक वडामा बढीमा ३ जनाका दरले २४ जना सम्मको सडक सम्भार कार्यदल गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्र र त्यसमा रहेका सुझावका बारेमा बैठकलाई जानकारी गराइयो ।

**निर्णय नं. २५**

यस गाउँपालिकाका उपाध्यक्ष तथा पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिका संयोजकले पेश गर्नु भएको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

यस गाउँपालिका भित्रका नागरिकहरुले आफुलाई परेको समस्यालाई सम्बोधन गरी गाउँपालिका अध्यक्ष समक्ष पेश हुन आएको निवेदन र सोलाई प्रमाणित गर्ने कागजातका आधारमा विनियोजित आर्थिक सहायता शीर्षकबाट तपसील अनुसारको रकम आर्थिक सहायता गर्ने निर्णय गरियो ।

तपसीलः

| क्र.स | नामथर | ठेगाना | समस्या | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | खम्बे कामी | गुराँस २ | स्वास्थ्य समस्या | १०,०००/ | |
| २ | गोविन्द वि क | गुराँस ६ | स्वास्थ्य समस्या | १०,०००/ | |
| ३ | काशिराम थापा | गुराँस ५ | मुटु सम्बन्धि समस्या | १०,०००/ | |
| ४ | पार्वती विश्वकर्मा | गुराँस ३ | मृगौलामा समस्या | १०,०००/ | |
| ५ | नरिमान कुमार महतरा | गुराँस ३ | दायाँ हात भाचिएको | १०,०००/ | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक मिति २०८३ आषाढ २३ गते

टोप बहादुर बि.सी.
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | पवित्रा कुमारी विक | गुराँस २ | हात खुट्टामा गम्भिर चोट लागेको | १०,०००/ | |

**निर्णय नं. २७**

यस गाउँपालिका मातहत स्वास्थ्य संस्थाहरुमा कार्यरत तपसीलका कर्मचारीहरुको मिति २०८१ माघ देखि २०८३ असार मसान्तसम्मको तलब भत्ता भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

| सि नं | कर्मचारीको नामथर | पद | कार्यरत संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | हेम बहादुर गुरुङ्ग | जनस्वास्थ्य निरीक्षक (छैठौं तह) | गोगनपानी स्वास्थ्य चौकी | |
| २ | रेखा थापा | सि. अ. न. मी. (पाचौं तह) | गोगनपानी स्वास्थ्य चौकी | |
| ३ | निशा रिजाल | सि. अ. न. मी. (पाचौं तह) | सानाकाँडा आ. स्वा. के. | |

**निर्णय नं. २८**

गुराँस गाउँपालिकाका सबै मानिसको पर्याप्त मात्रामा पोषणयुक्त खाद्य पदार्थ माथिको आर्थिक, सामाजिक र भौतिक पहुँच, उपलब्धता र उपयोगको सुनिश्चितताको गर्दै उपलब्ध खाद्यवस्तु स्वास्थ्यका दृष्टिले पनि स्वस्थ्य अनि पोसिलो हुनु पर्छ भन्ने मान्यतालाई जनमानसमा पुऱ्याउन तथा भावी दिनमा सबै नागरिकलाई खाद्य सुरक्षाका सम्बन्धमा सचेत रहन जानकारी उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. २९**

यस गुराँस गाउँपालिकाभित्र रहेका कुनै पनि खेतीयोग्य जमिनलाई उत्पादनमुखी बनाई खाद्य सुरक्षालाई सुनिश्चित गर्न बाँझो नराख्ने तथा बाँझो नहुन दिन नागरिकलाई प्रोत्साहन गर्नुका साथै लामो समयसम्म बाँझो जमिन राख्नेलाई प्रचलित कानून बमोजिम कारबाही अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ३०**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) यस गाउँपालिकामा कार्यरत कार्यालय सहयोगी बखत खत्रीलाई स्वास्थ्य उपचार वापतको खर्च रु ४०,०००/ (अक्षेरुपी चालिस हजार मात्र) उपलब्ध गराउने।

(ख) यस गाउँपालिकाको तर्फबाट कुडा कर्णाली कार्यक्रम सञ्चालन गर्ने रिती फाउन्डेशनलाई यस गाउँपालिकाको पर्यटन प्रवर्द्धनको लागि रु ४०,०००/ (अक्षेरुपी चालिस हजार मात्र) मा नबढ्ने गरी भुक्तानी दिने।

(ग) यस गाउँपालिकाको कला, संस्कृति र पर्यटन प्रवर्द्धनका लागि गरिएको सम्मेलन (कर्णाली टुरिज्म मिट) को व्यवस्थापनका लागि रु १,००,०००/ (अक्षेरुपी एक लाख मात्र) भुक्तानी दिने।

(घ) यस गाउँपालिका वार्ड न ५ मा यहाँको पर्यटन विकास, भाषा कला संस्कृतिको प्रवर्द्धन र संरक्षण, गुरुङ्ग जातिले गरेको माघी महोत्सव कार्यक्रमलाई रु ५०,०००/ (अक्षेरुपी पचास हजार मात्र) भुक्तानी दिने।

(ङ) गाउँपालिका उपाध्यक्ष श्री शिवा कुमारी खड्काले अन्तरपालिका बैठक र जिल्लास्तरीय भलिबल प्रतियोगितामा जाँदा आउँदा प्रयोग गरेको सवारी साधन वापतको रकम भुक्तानी दिने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक मिति २०८३ आषाढ २३ गते

टोप बहादुर बि.सी.
अध्यक्ष

(च) यस गाउँपालिकाको वार्ड नं ३ मा रहेको सरस्वती मा वि मा मिति २०८३ असार ५ देखि ७ सम्म सञ्चालन भएको जिल्लास्तरीय भलिबल प्रतियोगितामा खेलकुद विकास समिति मार्फत भएको खर्च रकम रु ६,०७,०२१/ (अक्षेरुपी छ लाख सात हजार एक्काइस मात्र) अनुमोदन गर्ने ।

(छ) यस गाउँपालिकाको वार्ड नं ३ मा यस गाउँपालिकाको स्वामित्वमा रहेको नमूना बहुउद्देश्यीय कृषि फर्मको भाडा सम्बन्धित वडा कार्यालयको सिफारिशमा उपलब्ध गराउने ।

(ज) यस गाउँपालिका भित्र रहेका झोलुंगे पुल हेरालुलाई प्रति पुल वापत रु ६,०००/ (छ हजार मात्र) भुक्तानी दिने ।

(झ) २०८२ भाद्र महिनामा यस गाउँपालिकाको वार्ड नं ३, २ र १ जाने बाटोमा पहिरो आइ अवरुद्ध बाटो खुलाउँदा प्रयोग भएका ट्रयाक्टरलाई प्रति ट्रयाक्टर रु. १२,०००/ इन्धन बाहेक र रु. ७,०००/ पालिकाले इन्धन व्यहोर्ने गरी भुक्तानी दिने ।

(ञ) यस गाउँपालिकाको तर्फबाट विभिन्न अदालतहरुमा बहस पैरवी गर्नु हुने विद्वान वकील द्वय श्री धर्मराज रेग्मी र श्री गणेश बहादुर वलीलाई पेश भएको बिल भरपाई बमोजिम भुक्तानी दिने ।

(ट) यस गाउँपालिकाको वार्ड नं ७ मा विद्युत लाइन विस्तारका क्रममा विद्युत कर्मचारीले खाएको खाना खाजा वापतको रकम रु १५,०००/ (अक्षरुपी पन्ध्र हजार मात्र) विद्युत प्राविधिक कर्मचारी श्री शेर बहादुर बुढालाई सोधभर्ना दिने ।

(ठ) यस आर्थिक वर्षको वार्षिक विकास कार्यक्रममा गुराँसे बजारमा गुराँस पहिचान स्तम्भ निर्माण भनी कार्यक्रम रहेकोमा उक्त स्थानमा सार्वजनिक जग्गा अभावका कारण गाउँपालिका प्रशासकीय भवन परिसरमा भएको निर्माण कार्यलाई अनुमोदन गर्ने ।

(ड) नीलसागर आश्रम नेपालगंजलाई मानवीय सहायताका लागि खाद्यान्न सहयोग स्वरुप रु ४०,०००/ (अक्षेरुपी चालिस हजार मात्र) उपलब्ध गराउने र यस गाउँपालिकाका २ जना नागरिकलाई संरक्षणका लागि उक्त आश्रममा पठाउने ।

(ढ) गुराँसे भ्यू टावरको पर्यटन शुल्क बुझाउन सामुदायिक वनलाई पत्राचार गर्ने ।

(ण) यस गाउँपालिकाको वार्ड नं १ नवदुर्गा ज्येष्ठ नागरिक सत्संग तथा दिवा सेवा केन्द्रलाई दिवा सेवा केन्द्र सञ्चालनमा भएको रकम सोधभर्ना भुक्तानी दिने ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक मिति २०८३ आषाढ २३ गते

टोप बहादुर बि.सी.
अध्यक्ष